"शिक्षा, स्वास्थ्य, कृषि र वातावरण मैत्री पूर्वाधारः
पहिचान सहितको जानकी गाउँपालिका विकासको मूल आधार"

जानकी गाउँपालिका अध्यक्ष **श्री गणेश चौधरीज्यू**बाट
जानकी गाउँपालिकाको १८ औँ गाउँ सभामा प्रस्तुत
आर्थिक बर्ष २०८३/०८४ को

नीति तथा कार्यक्रम

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश,नेपाल

उपस्थित सम्पूर्ण गाउँसभा सदस्यज्यूहरुलाई जानकी गाउँपालिकाको गरिमामय **१८ औं** गाउँसभामा हार्दिक स्वागत छ। नमस्कार, जय गुरुबाबा !

वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा जानकी गाउँपालिकाको समग्र विकासको लागि सल्लाह सुझाव दिनु हुने सम्पूर्ण महानुभावहरु तथा जानकीवासी दाजुभाई तथा दिदीबहिनीहरुलाई हार्दिक आभार व्यक्त गर्दछु ।

आदरणीय उपस्थित गाउँ सभाका सदस्यज्यूहरु,

"शिक्षा, स्वास्थ्य, कृषि र वातावरणमैत्री पुर्वाधार : पहिचान सहितको जानकी गाउँपालिका विकासको मूल आधार" भन्ने मर्मलाई आत्मसाथ गर्दै जानकी गाउँपालिकाका सम्पूर्ण विकासका गतिविधिहरु अगाडि बढ्दै आईरहेको व्यहोरा यहाँहरु समक्ष अवगत गराउन चाहन्छु ।

आँगनको सरकारको रुपमा चिनिने स्थानीय सरकार अर्थात् जानकी गाउँपालिका आदरणीय जानकीवासी दाजुभाइ दिदीबहिनीहरुको ओत लाग्ने छहारी र साझा चौतारी हो। हामीले जानकी गाउँपालिकाको नेतृत्व गरेपश्चात मूलतः आम नागरिकको सर्वोपरि हितलाई केन्द्रबिन्दुमा राख्दै **"समय र स्रोत व्यवस्थापन"** मा बिशेष जोड दिई सेवा प्रवाह गर्दै आईरहेका छौं।

नागरिक केन्द्रित सेवाको आधुनिक मान्यताबाट प्रभावित भएर जानकीवासीहरुलाई निःशुल्क रुपमा स्वास्थ्य जाँच शिविर, बाली शिविर, पशु स्वास्थ्य जाँच शिविर, आँखा जाँच शिबिर, क्षयरोग जाँच शिबिर लगायतका सेवाहरुमा जोड दिदैं आएका छौं । त्यसैगरि, विपद् व्यवस्थापनमा बरघर, भलमन्सा, चिराकी समेतको सहयोगमा सूचना प्रवाह, विपद प्रभावितहरुलाई राहत वितरण तथा उद्धार कार्यमा गाउँपालिका तल्लिन रहेको व्यहोरा अबगत गराउन चाहन्छु ।

विकास भनेको आँखाले देखिने भौतिक पूर्वाधार विकास (बाटोघाटो, भवन, पूल, आदि) मात्र नभएर मानवको चेतनामा सकारात्मक परिवर्तन आउनु, गुणस्तरीय जीवन यापन गर्नु, स्वस्थ, शिक्षित र सभ्य नागरिकको विकास गर्नु, आ-आफ्नो मौलिक कला र संस्कृति प्रवर्द्धन गरि भेषभूषा र पहिचानको जगेर्ना गर्नु, विकासका गतिविधिमा सार्थक रुपमा सहभागी भई राष्ट्र निर्माणमा योगदान पुर्याउनु, आफ्नो टोल छरछिमेक र समाजमा विविध संस्कृतिको सहअस्तित्व लाई सम्मान गर्दै सामाजिक सद्भाव कायम राखु, भाईचारा र विश्वबन्धुत्व, सदाचार र नैतिकता जस्ता मानवीय मूल्यहरुले समुदायलाई सिंचित गर्नु जस्ता गतिविधि नै विकास हो। त्यसैले, हामी जानकी गाउँपालिकाको नेतृत्वमा आएपश्चात विकासलाई केवल पुर्वाधार विकासको साँघुरो घेरामा सिमित नराखी यसलाई मानव विकास, मानव पुँजी निर्माण, वातावरणमैत्री विकास, पहिचान तथा संस्कृति प्रबर्द्धन र बहुआयामिक एवम् गतिशील प्रक्रियाको रुपमा मनन् गरि सम्पूर्ण विकासका गतिविधिहरुलाई चलायमान गर्दै आईरहेको व्यहोरा यहाँहरु समक्ष अवगत गराउन चाहन्छु।

शिक्षा नै विकासको मेरुदण्ड भएकोले वालवालिकाको सर्वाङ्गिण विकासका लागि गाउँपालिका संघर्षरत छ। विद्यालयको समुचित व्यवस्थापन गर्न विद्यालय समायोजन, शिक्षक व्यवस्थापन, भवन निर्माण तथा कक्षाकोठा व्यवस्थापन, शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विभिन्न शैक्षिक तथा अतिरिक्त क्रियाकलापहरु, विद्यालय नेतृत्वसँग कार्यसम्पादन मूल्यांकन तथा नतिजामा आधारित प्रोत्साहन जस्ता क्रियाकलाप एवम् प्रयासहरु जारी छन् । "**Thinking globally acting locally तथा सिक्दै कमाउदै**" भन्ने मान्यताहरुबाट प्रभावित भएर हामीले नेतृत्व लिएपश्चात विद्यालय करेसाबारी कार्यक्रम सफल रुपमा कार्यान्वयन भईरहेको व्यहोरा अवगत गराउन चाहन्छु।

त्यसैगरी, पूर्वाधार विकास तर्फ गाउँपालिकाको प्रशासकीय भवन निर्माणाधीन अवस्थामा रहेको, विभिन्न सडकहरु मर्मत, स्तरोन्नति र कालोपत्रे गर्ने कार्य जारी रहेका छन् । अति विपन्न नागरिकहरुको आवास निर्माण कार्य अगाडि बढेको छ। भूमीहिन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको मौलिक हकको रुपमा रहेको आवासको हकलाई प्रत्याभूत गर्न आवश्यक क्रियाकलापहरु हुँदै आएको व्यहोरा जानकारी गराउन चाहन्छु । विकासलाई वातावरणसँग सामञ्जस्यता कायम गर्दै जानकी गाउँपालिका पूर्बाधार निर्माण मार्फत आर्थिक वृद्धि र बिकासमा तल्लीन रहेको छ।

सम्पूर्ण कृषक दाजुभाइ दिदिबहिनीहरुको हितलाई ख्याल गरि सबै वडा तथा पालिका केन्द्रबाट कृषि तथा पशु सेवा सम्बन्धि विभिन्न किसिमका सेवाहरु प्रदान गर्दै आएका छौं । मुख्य समस्याको रुपमा रहेको सामुदायिक छाडा पशु चौपायालाई टीकापुर नगरपालिकासँगको सहकार्यमा समुचित ढङ्गले व्यवस्थापन गर्दै आईरहेका छौं । कृषि एम्बुलेन्स खरिद गरि कृषकहरूको उपजलाई बजारिकरण गर्न सहज हुने ढंगले काम शुरु गर्न अगाडि बढिरहेको व्यहोरा जानकारी गराउदछु । कृषकहरुलाई हौसला प्रदान गरि उत्पादकत्व अभिवृद्धि गर्न उत्पादनमा आधारित नगद प्रोत्साहन कार्यक्रम सफल भई कृषकहरुमाझ लोकप्रिय भएको व्यहोरा अवगत गराउन चाहन्छु ।

जानकीवासी नागरिकहरुलाई बैकल्पिक चिकित्सा पद्धतिको सेवा दिने हेतुले जानकी-३, लायकपुरमा नागरिक आरोग्य सेवा केन्द्र स्थापना भई बिरामीहरुले उपचार गराई लाभ लिईरहेका छन् । साथै, गाउँपालिकावासीहरुको सुस्वास्थ्य र मानसिक एवम् शारीरिक स्वास्थ्य प्रवर्द्धन गर्न विभिन्न स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, आदिबाट विविध किसिमका सेवाहरु प्रदान गर्दै आएका छौं । त्यसैगरी, सिकलसेल एनिमियाका बिरामीहरुको निदान र उपचारका लागि हामीले विभिन्न किसिमका क्रियाकलापहरु गरि सेवा प्रदान गर्दै आएका छौं। जानकी गाउँपालिकालाई तोकिएको समयावधिमा बालमैत्री र पूर्ण पोषणमैत्री

स्थानीय शासनयुक्त पालिका घोषणा गर्ने अभिष्ट लिई त्यसलाई सफलिभूत पार्न जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीहरु अहोरात्र खटिई विभिन्न क्रियाकलापहरु गर्दै आएको व्यहोरा यहाँहरु समक्ष अवगत् गराउन चाहन्छु ।

गाउँपालिकाले विभिन्न किसिमका लघु उद्यमशिलता विकासका क्रियाकलापहरु अन्तर्गत मागमा आधारित सीप विकास तालिम र प्रविधि हस्तान्तरणका कार्यक्रमहरु गर्दै आएको छ । साथै, बेरोजगार व्यक्तिहरुलाई आफ्नो गाउँ ठाउँमै न्यूनतम रोजगारी प्रदान गरि स्थानीय विकासमा टेवा पुगेको व्यहोरा जानकारी गराउन चाहन्छु । स्थानीय कला र संस्कृति प्रर्बद्धन गर्दै आर्थिक विकासमा टेवा पुऱ्याउन थारु होमस्टे संचालकहरुको सीप विकास तथा क्षमता विकास गर्दै आईरहेका छौं ।

समाजमा हुने विभिन्न किसिमका लैङ्गिक हिंसा तथा भेदभावको अन्त्य गरि लैङ्गिक समानता र समता कायम गर्न जानकी गाउँपालिका तल्लीन रहेको छ। समाजमा हुने विभिन्न किसिमका जातीय तथा साम्प्रदायिक भेदभावको अन्त्य गरी समतामूलक समाजको निर्माणमा जानकी गाउँपालिका सदैव अग्रसर रहेको छ। गाउँपालिकाले अपाङ्ग, दलित, आदिवासी जनजाती, अल्पसंख्यक तथा सिमान्तकृत समुदायको उत्थानको लागि विभिन्न किसिमका सामाजिक सुरक्षा एवं संरक्षणका कार्यहरु गर्दै आईरहेको व्यहोरा अवगत गराउन चाहन्छु।

समावेशी लोकतन्त्रका सुन्दर पक्षहरूसँग हातेमालो गर्दै र मितेरी गाँस्दै हामी जनताप्रति जवाफदेही र पारदर्शी रहेका छौं। हामीले गर्ने गरेका कार्यपालिका एवम् गाउँसभाका निर्णय तथा तर्जुमा भएका कानुन, नियमावली, मापदण्ड आदि सबै दस्तावेजहरु गाउँपालिकाको वेवसाईटमार्फत सार्वजनिक गर्दै आएकोले जानकीवासीमा पारदर्शिता र सुशासनको आभाष महशुस भएको छ। सुशासन नै हामी सबै नेपालीको चाहना र अभिष्ट भएकोले भ्रष्टाचार विरुद्ध शुन्य सहनशीलताको मूल्यलाई आत्मसाथ गरि विद्युतिय शासन लाई प्रवर्द्धन गरि

पालिका केन्द्र, वडा तथा सेवा केन्द्रहरु मार्फत पञ्जिकरण सेवा, अनलाइन सामाजिक सुरक्षा सेवा तथा अन्य सेवाहरु प्रदान गर्दै आएको व्यहोरा जानकारी गराउन चाहन्छु।

गाउँसभा सदस्यज्यूहरु,

अब म आगामी आ.व. २०८३।०८४ को लागि बिभिन्न विषयगत क्षेत्र अन्तर्गतका नीति तथा कार्यक्रमहरु यस गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका विभिन्न ऐन कानूनहरु तथा बिषयगत समिति र स्थानीय सरोकारवालाहरूबाट प्राप्त सल्लाह सुझावहरूलाई समेटी यो नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

१. <u>सामाजिक विकास क्षेत्रः</u>

१.१. <u>शिक्षा, युवा तथा खेलकुद</u>

१.१.१. विद्यालय उमेर समूहका सबै बालबालिकाको विद्यालयमा पहुँच सुनिश्चित गर्दै विद्यार्थी भर्ना, सिकाइ उपलब्धि, टिकाउ दर अभिवृद्धि गरिनेछ । साथै, दलित तथा विपन्न विद्यार्थीलाई छात्रवृत्ति एवं आवश्यक शैक्षिक सहयोग उपलब्ध गराइनेछ।

१.१.२. शिक्षाको गुणस्तर र सिकाइ उपलब्धि सुधारका लागि नतिजा विश्लेषण, निरन्तर विद्यार्थी मूल्याङ्कन, प्रगति समीक्षा तथा आधारभूत कक्षा ८ र माध्यमिक शिक्षा परीक्षा कक्षा १० (SEE) लक्षित शैक्षिक सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

१.१.३. सामुदायिक विद्यालयहरूमा प्रविधिमैत्री शिक्षण प्रणालीको विकास गर्दै स्मार्ट कक्षा, डिजिटल हाजिरी तथा सूचना प्रविधिमा आधारित शिक्षण–सिकाइ कार्यक्रम विस्तार गरिनेछ ।

१.१.४. शिक्षकको पेशागत क्षमता अभिवृद्धि गर्नका लागि मागमा आधारित तालिम सञ्चालन गरिनेछ। कार्यसम्पादनमा आधारित पुरस्कार र दण्डको व्यवस्था गरि उत्कृष्ट शिक्षक प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

१.१.५. विद्यार्थीको स्वास्थ्य, सीप, सिर्जनशीलता र व्यवहारिक ज्ञान विकासका लागि विद्यालय नर्स, पढ्दै—सिक्दै कार्यक्रम अन्तर्गत विद्यालय करेसाबारी कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

१.१.६. विद्यालय, अभिभावक तथा समुदायबीचको सहकार्य र सहभागिता सुदृढ गर्न शैक्षिक उत्प्रेरणा, अभिभावक शिक्षा, सामाजिक परीक्षण तथा समुदायमा आधारित शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ ।

१.१.७. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी समुचित अनुपात कायम गर्न विद्यालय समायोजन तथा शिक्षक कर्मचारी दरबन्दी मिलान कार्य गरिनेछ ।

१.१.८. सामुदायिक विद्यालयहरूको शैक्षिक तथा भौतिक पूर्वाधार सुदृढीकरण गर्न आवश्यक पहल गरिनेछ । मदरसा विद्यालय तथा अन्य धार्मिक विद्यालयहरु सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

१.२. **<u>स्वास्थ्य</u>**

१.२.१. आ.व. २०८३/०८४ भित्र सबै वडा लाई पोषणमैत्री वडा घोषणा र आ.व. २०८४/०८५ को माघ महिना भित्र पोषण मैत्री स्थानीय तह घोषणा गरिनेछ ।

१.२.२. गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरूको सेवालाई थप सुधार गर्दै तोकिए बमोजिमको आधारभूत स्वास्थ्य सेवाहरु निःशुल्क रुपमा उपलब्ध गराउने सुनिश्चितता गरिनेछ । साथै, सबै स्वास्थ्य संस्थाहरुलाई बालमैत्री, किशोर किशोरी मैत्री बनाउदै लगिनेछ ।

१.२.३. गाउँपालिकामा १५ शैय्याको अस्पताल स्थापना गर्ने राष्ट्रिय नीति अनुसार अस्पताल स्थापनार्थ आवश्यक पहल गरिनेछ । क्षयरोग, कुष्ठरोग, मलेरिया, डेंगु आदि सरुवा रोगहरुको निशुल्क screening शिविरहरु सञ्चालन गरिनेछ।

१.२.४. **सुनौलो १००० दिन** भित्रका आमा तथा बच्चाहरुको पोषण अवस्थालाई सुधार गर्न सुत्केरी महिलाहरुको पोषण प्रवर्द्धनका लागि **"उपाध्यक्ष पोषण कार्यक्रम"** सञ्चालन गरिनेछ।

१.२.५. सिकल सेल प्रभावित घरपरिवारको निशुल्क स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिईनेछ। गाउँपालिकावासीहरुलाई **"स्वास्थ्य बिमा कार्यक्रम"** मा आवद्ध गर्न सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१.२.६. बालबालिकाहरुलाई राष्ट्रिय खोप तालिकामा समावेश भएका सबै खोपहरु सुनिश्चित गरी **"पूर्ण खोप कार्यक्रम"** लाई निरन्तरता दिईनेछ । महामारी तथा विपद्को अवस्थामा आवश्यक कार्य गर्न पालिका तथा स्वास्थ्य संस्था स्तरीय द्रुत प्रतिकार्य टोलीलाई तयारी अवस्थामा राख्नुको साथै औषधी तथा सामाग्रीहरुको उचित व्यवस्थापन गरिनेछ ।

१.२.७. वर्थिङ सेन्टरवाट प्रसुती हुने महिलालाई टीकापुर र लम्की स्थित रेफरल सेन्टरसम्म आकस्मिक प्रेषण गर्नु परेमा निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिईनेछ।

१.२.८. समुदायस्तरको स्वास्थ्य सुधारका लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहित गरी परिचालन गरिनेछ।

१.२.९. नागरिक आरोग्य सेवा केन्द्र मार्फत योग, ध्यान, आयुर्वेद वैकल्पिक चिकित्सा पद्धति सम्बन्धी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

१.३. महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा समाज कल्याण

१.३.१. बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ । सामाजिक कुरीति/कुप्रथाहरु (लैङ्गिक हिंसा, बालविवाह, छुवाछुत प्रथा, जातीय विभेद, आदि) अन्त्य गर्न सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१.३.२. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणा अनुरुप योजना निर्माण र विकास प्रकियामा सम्पुर्ण वर्ग, लिङ्ग र क्षेत्रको सहभागितालाई बढावा दिईनेछ।

१.३.३. दलित समुदाय, यौनिक तथा लैङ्गिक अल्पसङख्यक समुदाय, आदिवासी जनजाति, सिमान्तकृत समुदाय, आर्थिक रुपले विपन्न भएका महिला, एकल महिला तथा एकल पुरुषका लागि माग र आवश्यकतामा आधारित जीवनोपयोगी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१.३.४. मुक्त कमलरीहरुको उत्थानको लागि आवश्यक पहल गरिनेछ ।

१.३.५. अपाङ्गता भएका व्यक्तिहरुलाई मागमा आधारित जीवनोपयोगी सीप विकास कार्यक्रम सञ्चालन गरिनुका साथै सहयोगी सामग्री तथा प्रबिधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछन ।

१.३.६. अभिभावक बिहिन/अनाथ र अपांगता भएका बालबालिकाहरुका लागि उचित संरक्षणको व्यवस्था गरिनुका साथै प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

१.३.७. लागु पदार्थ दुर्व्यसन न्यूनिकरणका लागी सचेतनामुलक कार्यक्रमहरु अभियानका रुपमा सञ्चालन गरिनेछ ।

१.३.८. गाउँपालिका र यस अन्तर्गतका वडा कार्यालयहरु, स्वास्थ्य चौकी/सेवा केन्द्रहरुमा स्तनपान कक्ष निर्माण र बाल उद्यान सहितको सिकाइ श्रोत केन्द्र स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।

१.३.९. रोगको समयमै पहिचान तथा उपचारमा पहुँच वृद्धि गर्न ज्येष्ठ नागरिकहरुको घरदैलोमै स्वास्थ्य परीक्षण गरिनेछ ।

१.४. **<u>खानेपानी, सरसफाई तथा स्वच्छता</u>**

१.४.१. **"एक घर एक धारा** तथा **स्वच्छ खानेपानी"** को अवधारणालाई सार्थक बनाउन विश्व बैंकको सहयोगमा सञ्चालित खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना कार्यान्वयनका लागि आवश्यक बजेटको व्यवस्था मिलाइनेछ ।

१.४.२. विद्यालय तथा समुदाय स्तरमा सरसफाई तथा स्वच्छता सम्बन्धी विभिन्न जनचेतनामुलक कार्यक्रमहरुको आयोजना गरी फोहोरमैला व्यवस्थापनका लागि आवश्यक कार्य अगाडि बढाइनेछ ।

१.५. **<u>सामाजिक सुरक्षा तथा पञ्जिकरण</u>**

१.५.१. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षालाई शतप्रतिशत पुऱ्याउने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न पञ्जीकरण सम्बन्धी अभियान सञ्चालन गरिनेछ ।

१.५.२. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नयाँ नाम दर्ता र नविकरण राष्ट्रिय परिचयपत्रमा आधारित बायोमेट्रिक भेरिफिकेसन गर्न सामाजिक सुरक्षा भत्ता नविकरण शिविर सञ्चालनको व्यवस्था मिलाईनेछ ।

१.५.३. अति विपन्न तथा असहाय परिवारको कुनै सदस्यको मृत्यु हुन गएमा सामाजिक सहायता प्रवर्द्धन गर्न **"घरभेट कार्यक्रम"** सञ्चालन गरिनेछ ।

२. <u>आर्थिक विकास क्षेत्र :</u>

२.१. **<u>कृषि विकास</u>**

२.१.१. उत्पादनमा आधारित अनुदान सहयोग कार्यकमलाई निरन्तरता दिई **"बाली बीमा कार्यक्रम"** लागू गरिनेछ ।

२.१.२. कृषि तथा पशुजन्य उपजहरुको बजारीकरणमा सहजता ल्याउन कृषि एम्बुलेन्स सेवा यथाशिघ्र सञ्चालनमा ल्याईनेछ ।

२.१.३. कृषि उत्पादकत्व वृद्धि गर्न रैथाने, उन्नत तथा वर्णशंकर जातका बीउको प्रयोगमा बढावा दिई माटो सुधार तथा व्यवस्थापनका लागि प्राङ्गारिक तथा जैविक मलको प्रयोगमा अनुदान सहयोगको व्यवस्था मिलाईनेछ ।

२.१.४. कृषि बालीमा देखा पर्ने रोगकिराबाट हुने क्षति न्यूनीकरणका लागि कृषकको खेतबारीमै आकस्मिक बाली सेवा पुऱ्याईने कार्यलाई निरन्तरता दिईनेछ ।

२.१.५. किसान सूचिकरण कार्यकम मार्फत कृषकहरुलाई परिचय पत्र उपलब्ध गराई परिचय पत्र प्राप्त गरेका कृषकहरुको वर्गीकरण गरिनेछ । अधिया/बटैया गर्ने किसानहरुको हकहित प्रवर्द्धन गर्न आवश्यक पहल गरिनेछ ।

२.१.६. कृषकहरुको क्षमता अभिवृद्धिका लागि मागमा आधारित तालिम सञ्चालन गरिनेछ ।

२.१.७. प्रविधि र जातहरुको परिक्षण तथा अनुसन्धानका लागि कृषकस्तरमा "**बाली विविधिकरण प्रदर्शन कार्यक्रम**" का साथै कृषि यान्त्रिकरणमा जोड दिईनेछ ।

२.२. <u>पशु सेवा</u>

२.२.१. स्थान विशेष र सम्भाव्यताको आधारमा पशुपन्छी विशेषको पकेटहरुलाई केन्द्र विन्दु मानी व्यवसायीक पशु पालन प्रणालीको विकास गरिनेछ, साथै पशुपालन व्यवसाय प्रवर्द्धनका लागि मागमा आधारित पशुपन्छी पालन तालिमको आयोजना गरिनेछ ।

२.२.२. पशुपन्छीहरुमा रोग लाग्न नदिनका लागि खोप कार्यकमलाई निरन्तरता दिईनेछ ।

२.२.३. प्राणघातक रेविज रोग उन्मूलन गर्न खोप कार्यक्रमलाई अभियानका रुपमा निरन्तर सञ्चालन गरिनेछ ।

२.२.४. पशुपन्छी उपचारलाई सहज र सर्वसुलभ बनाउन गाउँ बस्तीहरुमा "**निःशुल्क पशु स्वास्थ्य शिविर कार्यक्रम**" सञ्चालन गरिनेछ ।

२.२.५. सामुदायिक छाडा पशु चौपाया व्यवस्थापन कार्यलाई निरन्तरता दिईनेछ ।

२.२.६. किसानसँगको समन्वयमा घरदैलोमै आकस्मिक पशु स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

२.३. **<u>सहकारी, श्रम तथा रोजगार, संस्कृति तथा पर्यटन</u>**

२.३.१. सहकारीको मूल्य, मान्यता र सिद्धान्तहरुलाई अनुशरण गर्दै सहकारी शिक्षा, तालिम र सूचना प्रणाली COPOMIS लगायतका ब्यवस्थापकीय प्रणालीहरु प्रभावकारी बनाउन सहकारी संघ संस्थाहरुलाई क्षमता अभिबृद्धिमा विशेष जोड दिइने छ ।

२.३.२. सहकारी संस्था दर्ता, नियमन, मर्जर, खारेजी र अनुगमन कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

२.३.३. बेरोजगार व्यक्तिहरुलाई उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारीको प्रत्याभूति, "**सीप विकास र उद्यमशीलता प्रवर्द्धन कार्यक्रम**"हरु सञ्चालन गरिनेछ। वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुका लागि पुनः एकीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

२.३.४. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यकम र सुरक्षित आप्रवासन कार्यक्रमहरुलाई लागत साझेदारीमा सञ्चालनको लागि आवश्यक प्रवन्ध मिलाईनेछ ।

२.३.५. गाउँपालिकालाई थारु लोककलाको हब बनाउने हेतुले पालिकाबाट सञ्चालन गरिएका थारु लोक तथा चित्रकला, मूर्तिकला लगायतका सीपमूलक तालिमलाई उत्पादन, बजारीकरण र स्वरोजगारसँग जोड्दै स्थानीय कलाकारलाई उद्यमशीलतामा प्रोत्साहन गरिनेछ ।

२.३.६. वडा नं. ५ अमौरी, वडा नं. ६ जगतपुर र वडा नम्बर ९ बक्लौवामा रहेका होमस्टेलाई व्यवस्थित, गुणस्तरीय र पर्यटकमैत्री बनाउँदै थारु संस्कृति, परिकार, लोककला र ग्रामीण पर्यटनसँग आबद्ध गरी पर्यटन प्रवर्द्धन गरिनेछ।

२.३.७. गाउँपालिका क्षेत्रभित्रका प्रचलनमा रहेका सबै जातजातिहरुको चाडपर्व, भाषा, कला, धर्म र संस्कृतिको सम्बर्धन तथा प्रबर्द्धन गरिनेछ ।

२.३.८. जानकी-९ मा रहेको जानकी साँस्कृतिक संग्रहालय परिसरभित्र निर्माण भएका परम्परागत जातीय घर तथा संरचनाहरूको संरक्षण गरिनेछ । साथै, स्थानीय मौलिक संस्कृति, भेषभूषा, खानपान, हस्तकला, लोककला तथा सांस्कृतिक प्रस्तुतीकरणमार्फत आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गरिनेछ ।

२.३.९. स्थानीय मौलिक कला, भाषा, साहित्य, परम्परा, भेषभूषा, लोकनृत्य, लोकसंगीत, चित्रकला तथा मूर्तिकलाको संरक्षण, अभिलेखीकरण र पुस्तान्तरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

२.३.१०. संस्कृति संरक्षण तथा पर्यटन विकासमा युवा, महिला, स्थानीय कलाकार तथा समुदायको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ ।

२.३.११. पर्यटन प्रवर्द्धनका लागि जानकी-३ मा जानकी उद्यान (पार्क) निर्माणका लागि आवश्यक प्रक्रिया अगाडी बढाईनेछ ।

२.३.१२. थारु समुदायको देउथानको संरक्षण र प्रवर्द्धन गरिनेछ । साथै, **बर्कीमार (महाभारत कथा), थारु पौराणिक कथा वाचन लगायत, विभिन्न गीत, नाच आदि कार्यक्रम** सञ्चालन गरिनेछ।

३. <u>वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र</u>

३.१. विपद् जोखिम न्यूनीकरण तथा वातावरण संरक्षणमा उत्कृष्ट कार्य गर्ने वडा, विद्यालय, सामुदायिक वन, तथा संघसंस्थाहरूलाई प्रोत्साहन, पुरस्कार तथा सम्मान गरिनेछ ।

३.२. जल तथा मौसम विज्ञान विभाग लगायतका निकायहरूसँग समन्वय तथा सहकार्य गर्दै पूर्वसूचना प्रणाली, मौसम पूर्वानुमानमा आधारित पूर्वकार्य तथा समुदायमा आधारित विपद् पूर्वतयारी कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

३.३. स्थानीय विपद् व्यवस्थापन कोषलाई सुदृढ बनाई विपद् पूर्वतयारी, खोज तथा उद्धार, राहत, पुनःस्थापना र पुनर्निर्माणसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । विपद् व्यवस्थापनमा समुदाय तथा निजी क्षेत्रको सहभागितालाई प्रोत्साहन गरिनेछ ।

३.४. सामुदायिक वनको संरक्षण, संवर्द्धन तथा दिगो व्यवस्थापनलाई प्रभावकारी बनाइनुका साथै सामुदायिक वन उपभोक्ता समूहसँगको सहकार्यमा वृक्षारोपण, जैविक विविधता संरक्षण, वन डढेलो नियन्त्रण तथा हरित विकास कार्यक्रम सञ्चालन गरिनेछ।

३.५. सरोकारवाला निकायहरूसँगको समन्वय तथा सहकार्यमा दमकल खरिद, व्यवस्थापन तथा प्रभावकारी सञ्चालनका लागि आवश्यक पहल गरिनेछ ।साथै, आगलागी नियन्त्रण तथा उद्धार सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

३.६. स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई २४ सै घण्टा सञ्चालनयोग्य बनाउन आवश्यक जनशक्ति, उपकरण तथा प्रविधिको व्यवस्था गरिनेछ । जलवायु तथा विपद् जोखिमलाई तेस्रो पक्षमा हस्तान्तरण गर्न बाढी तथा पशु चौपाया बीमा कार्यक्रम सञ्चालनका लागि आवश्यक सहजीकरण गरिनेछ ।

३.७. गाउँपालिका क्षेत्रभित्र रहेका नदी, नाला, तालतलैया, सिमसार तथा जलाधार क्षेत्रहरूको संरक्षण तथा सौन्दर्यीकरण कार्यक्रम सञ्चालन गरिनेछ । साथै, कालोपत्रे भएका सडक किनारामा वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३.८. प्राकृतिक स्रोत तथा खानीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर—बहत्तर) को उत्खनन, संकलन तथा उपयोगलाई प्रचलित कानुन तथा वातावरणीय मापदण्ड अनुसार व्यवस्थित र दिगो बनाई नियमन गरिनेछ ।

३.९. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई एकीकृत गरी स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

३.१०. प्लास्टिकजन्य फोहोर न्यूनीकरण, फोहोरमैला व्यवस्थापन, पुनःप्रयोग तथा वातावरणमैत्री प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्दै स्वच्छ तथा हरित गाउँपालिका निर्माण अभियान सञ्चालन गरिनेछ ।

३.११. गाउँपालिका क्षेत्रभित्र स्वच्छ, दिगो तथा वातावरणमैत्री ऊर्जा प्रवर्द्धन गर्न सौर्य ऊर्जा, बायोग्यास, सुधारिएको चुलो, विद्युतीय (इलेक्ट्रिक) चुलो तथा अन्य वैकल्पिक ऊर्जा प्रविधिको विस्तार र उपयोगलाई प्रोत्साहन गरिनेछ ।

४. <u>पूर्वाधार विकास क्षेत्र</u>

४.१. गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य समयमै सम्पन्न गर्न विशेष प्राथमिकताका साथ आवश्यक बजेटको प्रबन्ध गरिनेछ । वडा नं ५,६,७ को वडा कार्यालय भवन निर्माण तथा ८ नं. वडा कार्यालयको भवन मर्मत कार्यको लागि आवश्यक पहल गरिनेछ ।

४.२. गाउँपालिकाभित्र निर्माण हुने भौतिक संरचनाहरु बालमैत्री, आपाङ्गमैत्री, लैङ्गिकमैत्री, विपद्मैत्री बनाउन जोड दिईनेछ । क्रमागत तथा अधुरा आयोजनालाई समयमै सम्पन्न गर्न आवश्यक बजेटको प्रवन्ध गरिनेछ ।

४.३. भवन निर्माण संहिता,२०७२ अनुसार भवन निर्माणको प्रकियालाई अनिवार्य गरिनेछ ।

४.४. परम्परागत शैलीको घर निर्माण गर्ने घरधनीहरुलाई घर नक्सा पासमा कर छुट दिईनेछ ।

४.५. घर नक्सा पास गराई मात्र घर निर्माण गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

४.६. सङ्घीय तथा प्रादेशिक सरकारसँग पूर्वाधार विकासको लागि समन्वय तथा सहकार्य गरिनेछ ।

४.७. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको जग्गा नापजाँच गरि लालपूर्जा वितरण गर्न आवश्यक पहल गरिनेछ ।

४.८. गाउँपालिका भित्र रहेका सार्वजनिक जग्गाको पहिचान गरि खुला क्षेत्रको अवधारणा अगाडी बढाईनेछ । आवासीय क्षेत्रलाई व्यवस्थित र सुविधा सम्पन्न बनाउन आवश्यक पहल गरिनेछ।

५. <u>सुशासन तथा संस्थागत विकास क्षेत्र</u>

५.१. स्थानीय शान्ति सुरक्षा कायम राख्न, विपद् व्यवस्थापन तथा राजस्व संकलन लगायतका कार्यहरुमा सहजिकरणको लागि नगर प्रहरीको व्यवस्था गरिनेछ ।

५.२. गाउँपालिका र मातहतका कार्यालयबाट प्रदान गरिने सेवालाई सूचना प्रविधिमैत्री बनाईनेछ ।

५.३. गाउँपालिकाले सञ्चालन गर्ने विभिन्न कार्यक्रमहरुबारे जनता तथा सम्बन्धित सरोकारवालाहरुलाई सुसूचीत गर्न डिजिटल प्लेटफर्म मार्फत सूचना सम्प्रेषण गर्नुका साथै सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५.४. भ्रष्टाचारजन्य क्रियाकलापहरु प्रति शुन्य सहनशिलता नीति अवलम्बन गर्दै भ्रष्टाचारजन्य क्रियाकलाप न्यूनीकरका लागि गाउँपालिकाका नीति तथा

कानूनहरुको प्रचार प्रसार, कार्यविधि सरलीकरण, सूचनाको पारदर्शिता र जनप्रतिनिधि तथा कर्मचारीहरुको जवाफदेहिता अभिवृद्धि गरिनेछ ।

५.५. जनप्रितिनिधि तथा कर्मचारीहरुका लागि क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५.६. गैर सरकारीसंस्थाले सञ्चालन गर्ने योजना तथा कार्यक्रमहरु एकद्वार प्रणाली मार्फत लागु गरिनेछ।

५.७. नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने सूचनाहरु प्रत्येक गाउँका बरघरहरु मार्फत प्रवाह गर्ने व्यवस्था मिलाईनुका साथै बरघरको क्षमता विकास तथा प्रोत्साहन गरिनेछ ।

५.८. उपभोक्ताहरुलाई गुणस्तरीय वस्तु तथा सेवा उपलब्ध गराउन तथा उपभोक्ता हित संरक्षण तथा संवर्द्धन गर्न नियमित बजार अनुगमन तथा नियमन गरिनेछ।

५.९. मानव अधिकार संरक्षण र प्रवर्द्धनका लागि सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

५.१०. कर सङ्कलनको दायरालाई विस्तार गरी सम्पूर्ण नागरिक तथा व्यसायीहरुलाई कर प्रणालीमा आवद्ध गरिनेछ । कर प्रणालीलाई करदातामैत्री, पारदर्शी र सरल बनाउन Mobile Banking, Local Level Revenue Portal(LLRP), QR जस्ता सूचना प्रबिधिका माध्यमबाट कर भुक्तानीको व्यवस्था मिलाईनेछ ।

५.११. न्यायमा सहज पहुँच अभिबृद्धिका लागि न्यायिक समितिको क्षमता विकास गरिने गरी कानूनी ज्ञान, अध्ययन, अवलोकन एवम सचेतना अभिबृद्धि कार्यक्रमहरु सन्चालन गरिनेछ ।

५.१२. न्याय सम्पादन लाई प्रभावकारी तथा छिटो छरितो बनाउन नयाँ मेलमिलापकर्ताहरु छनोट गरी तालिम प्रदान गरिनेछ। साथै, सूचीकृत मेलमिलापकर्ताहरुलाई मेलमिलाप सम्बन्धि पुर्नताजगी तालिमलाई निरन्तरता दिईनेछ ।

५.१३. न्यायिक समितिका क्षेत्राधिकार तथा मेलमिलाप सम्बन्धि प्रकृयालाई वडा, विद्यालय तथा समुदाय स्तरमा अभियानका रुपमा सन्चालन गरिनेछ । वडा बाट समाधान गरिदै आएको विवाद समाधानमा मेलमिलापकर्ताहरुलाई सक्रिय बनाईनेछ।

अन्तमा, गाउँपालिकाको विकासमा साझेदारी र सहयोग गर्ने सङ्घीय सरकार, सुदूरपश्चिम प्रदेश सरकार, गाउँसभा सदस्यज्यूहरु, विकास साझेदार संस्थाहरु, नागरिक समाज, राजनीतिक दल, निजी क्षेत्र, गैर सरकारी संस्था, संचारकर्मी लगायत सम्पूर्ण गाउँवासी आमा बुबा, दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि यहाँहरुको सहयोग र समन्वयात्मक भूमिका निरन्तर रुपमा प्राप्त हुनेछ भन्ने आशा र अपेक्षा गर्दछु । साथै, यस नीति तथा कार्यक्रम निर्माणमा अहोरात्र खटिनु हुने राष्ट्र सेवक कर्मचारीहरुलाई धन्यवाद दिदै मेरो सम्बोधन यहि समापन गर्दछु ।

हार्दिक धन्यवाद ।

नमस्कार, जय गुरबाबा ।

.....

गणेश चौधरी

अध्यक्ष